नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८२ श्रावण देखि २०८३ असाढ मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय : परिचय

नेपालमा साहित्य, कला, संस्कृति, ज्ञान– विज्ञान तथा अन्य सिर्जनात्मक क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतिलिपि अधिकारसम्बन्धी कानून पहिलो पटक वि.सं. २०२२ सालमा लागू गरिएको थियो। अन्तर्राष्ट्रिय अभ्यास, विकसित मापदण्ड तथा नेपालको अन्तर्राष्ट्रिय दायित्वअनुरूप उक्त कानूनलाई परिमार्जन गरी हाल **प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१** कार्यान्वयनमा रहेका छन् ।

प्रतिलिपि अधिकार तथा सम्बद्ध अधिकार (Copyright and Related Rights) को प्रभावकारी संरक्षण, व्यवस्थापन तथा प्रवर्द्धन गर्न, साथै प्रतिलिपि अधिकारसम्बन्धी ज्ञान, सीप र जनचेतनाको विस्तार गर्ने उद्देश्यले तत्कालीन श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०६० चैत २६ गतेको निर्णयअनुसार वि.सं. २०६१ वैशाख ७ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भई सञ्चालनमा आएको हो।

प्रतिलिपि अधिकार ऐन, २०५९ तथा प्रतिलिपि अधिकार नियमावली, २०६१ बमोजिम यस कार्यालयको प्रमुख उद्देश्य साहित्य, सङ्गीत, कला, वास्तुकला, चलचित्र, ज्ञान– विज्ञान तथा सूचना प्रविधिलगायतका क्षेत्रमा सिर्जित मौलिक कृतिहरूको संरक्षण गर्दै स्रष्टा तथा सर्जकका आर्थिक र नैतिक अधिकारको प्रत्याभूति गर्नु हो। साथै, ध्वनिअङ्कन उत्पादक, प्रस्तोता तथा प्रसारण संस्थाजस्ता सम्बद्ध अधिकारधनीहरूको अधिकार संरक्षण, रचना दर्ता, प्रतिलिपि अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि तथा रोयल्टी सङ्कलन संस्थाहरूको दर्ता, नियमन र अनुगमन गर्ने कार्यसमेत यस कार्यालयले गर्दै आएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी तथा प्रविधिमैत्री बनाउने उद्देश्यले आर्थिक वर्ष २०७९/८० देखि रचना दर्ता सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमार्फत सञ्चालनमा ल्याइएको छ। सेवाग्राहीहरूले **system.nepalcopyright.gov.np** मार्फत अनलाइन आवेदन दर्ता गर्न, आवेदनको अवस्थाबारे मोबाइल तथा इमेलमार्फत जानकारी प्राप्त गर्न तथा स्वीकृतिपश्चात् रचना दर्ता प्रमाणपत्र सोही प्रणालीबाट डाउनलोड गर्न सक्ने व्यवस्था गरिएको छ। यस प्रणालीले सेवा प्रवाहलाई थप छिटो, सहज, पहुँचयोग्य तथा सेवाग्राहीमैत्री बनाएको छ।

मुख्य मुख्य कार्यहरू:–

- रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गरी त्यसको विवरण अद्यावधिक गराई राख्ने,

- मानव मस्तिष्कबाट सिर्जित रचना तथा सिर्जनामा प्रतिलिपि अधिकारको संरक्षण र सर्जकहरूको आर्थिक तथा नैतिक अधिकारको संरक्षणका क्षेत्रमा जनचेतना अभिवृद्धि गराउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने,
- रोयल्टी संकलन संस्थाको दर्ता गर्ने, त्यस्तो संस्थाको रेखदेख र नियन्त्रण गर्ने, त्यस्ता संस्थाले निर्धारण गरेको रोयल्टीमा कुनै पक्षको चित्त नबुझेमा उजुरी सुन्ने,
- प्रतिलिपि अधिकार धनीहरू, प्रतिलिपि अधिकारयुक्त वस्तुका प्रयोगकर्ताहरू, प्रतिलिपि अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरू र कार्यान्वयन गर्ने निकायहरूका बीच समन्वय गरी सहभागितामूलक रुपमा जनचेतना अभिवृद्धि एवं प्रचारप्रसार कार्यक्रम सञ्चालन गर्ने,
- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारसित सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष राष्ट्र हुने सम्बन्धमा काम गर्ने,
- प्रतिलिपि अधिकारसित सम्बन्धित सेमिनार, गोष्ठी, तालिम आदि कार्यक्रमको सञ्चालन र अन्य निकायबाट सञ्चालित कार्यक्रममा सहभागिता जनाउने,
- विश्व बौद्धिक सम्पत्ति संगठन एवं प्रतिलिपि अधिकारसित सम्बन्धित स्वदेशी तथा विदेशी संघ संस्थासँग सम्पर्क एवं समन्वयको काम गर्ने,
- प्रतिलिपि अधिकार सम्बन्धी सूचना तथा अभिलेख सम्बन्धी कार्य गर्ने,
- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको संरक्षण सम्बन्धी आवश्यक अन्य कार्यहरू गर्ने,
- नेपाल सरकारबाट समय समयमा भए गरेका नीति, निर्देशन अनुसार अन्य कामकारबाही गर्ने।

<u>सम्पर्क मन्त्रालय/निकायः–</u>

साहित्य, कला, संगीत, वास्तुकला, ज्ञान–विज्ञान र सूचना प्रविधिको क्षेत्रमा प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार विषयक कार्यका लागि "प्रतिलिपि अधिकार ऐन, २०५९" बमोजिम स्थापना भएको यस कार्यालयको सम्पर्क मन्त्रालयको रुपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहेको छ । अन्य मन्त्रालय, सचिवालय एवं प्रतिलिपि अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थासँगको नीतिगत विषयहरूको सम्बन्ध समेत सोही मन्त्रालयमार्फत् सञ्चालन हुन्छ ।

<u>सम्बद्ध ऐन, नियम तथा सन्धि सम्झौताहरू:</u>

क) नेपालको संविधान,

ख) प्रतिलिपि अधिकार ऐन, २०५९

ग) प्रतिलिपि अधिकार नियमावली, २०६१

घ) Berne Convention, 1886 सन् २००६ मा नेपाल पक्षधर भएको

ङ) विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO), सन् १९९७ मा नेपाल सदस्य भएको

च) विश्व व्यापार संगठन (TRIPS) सन् २००४ मा नेपाल सदस्य भएको

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८२।८३ मा सम्पन्न भएका मुख्य कार्यक्रमहरू:

| क.स | कार्यक्रम | कार्यक्रम भएको स्थान | कार्यक्रम सङ्ख्या |
|---|---|---|---|
| १ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायमा कार्यरत प्रहरी निरीक्षक, सरकारी वकिल, भन्सार अधिकृत, श्रेष्तेदार र तहसिलदारहरू लगायत श्रष्टा स्रर्जकसँग अन्तरक्रिया तथा छलफल | धनुषा, सिन्धुली, ओखलढुंगा, गोरखा, रुकुम पूर्व | ५ वटा |
| २ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा सरोकारवाला विश्वविद्यालय र क्याम्पसमा कानून अध्यापन गराउने प्राध्यापक, कानूनका विद्यार्थीहरूसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रम | काठमाडौं | २ वटा |
| ३ | विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस २०८३ (२३ अप्रिल २०२६) को अवसरमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम | काठमाडौं | १ वटा |
| ४ | विश्व बौद्धिक सम्पत्ति दिवस कार्यक्रम | काठमाडौं | १ वटा |
| ५ | प्रतिलिपि अधिकार कानून र रोयल्टी सङ्कलन सम्बन्धी व्यवस्था सम्बन्धमा सूचना प्रविधि क्षेत्रका सरोकारवालासंग अन्तरक्रिया तथा छलफल कार्यक्रम | काठमाडौं | १ वटा |
| ६ | विश्व सङ्गीत दिवस कार्यक्रम | काठमाडौं | १ वटा |

# नेपाल सरकार
## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय
### संगठन संरचना तालिका

रजिष्ट्रार
उपसचिव (रा.प. द्वितीय)– १

कानून शाखा
कानून अधिकृत– १

प्रशासन तथा संस्था समन्वय शाखा
शाखा अधिकृत.– १

सूचना प्रविधि शाखा
कम्प्युटर अधिकृत– १

ना. सु.– १

ना. सु.– २

ह.स.चा.– १
कार्यालय सहयोगी– २

दरबन्दी तेरिज
रजिष्ट्रार. प्रशासन. सा.प्र.. रा.प.द्वितीय– १
शाखा अधिकृत. प्रशासन. सा.प्र.. रा.प.तृतीय– १
कानून अधिकृत. न्याय. कानून. रा.प.तृतीय– १
कम्प्युटर अधिकृत विविध. रा.प. तृतीय– १
ना.सु. प्रशासन. सा.प्र.. रा.प.अनं. प्रथम– ३
लेखापाल. प्रशासन लेखा रा.प.अनं.प्रथम– १
ह.स.चा श्रेणी विहिन– १
कार्यालय सहयोगी. प्रशासन. सा.प्र. श्रेणी विहिन– २
जम्मा – ११

## सामूहिक व्यवस्थापन सङ्गठन (CMOs) चिनारी:

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, सङ्कलन गर्ने, सङ्कलित रोयल्टी वितरण गर्ने प्रयोजनको लागि विधागतरूपमा रोयल्टी सङ्कलन संस्था गठन गरी रजिष्ट्रार समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्ने व्यवस्था छ । यसरी दर्ता भई कार्य गर्ने सामूहिक व्यवस्थापन सङ्गठन (CMO) ले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न र व्यक्ति सरह नालिस उजुर गर्न वा सोही नामबाट नालिस उजुरी लाग्न सक्ने व्यवस्था छ । प्रतिलिपि अधिकार नियमावली, २०६१ को नियम ८ बमोजिम उल्लिखित संस्थाले दर्ता प्रमाणपत्र प्राप्त गर्ने, नियम ९ बमोजिम नवीकरण गर्ने तथा नियम १० मा काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ ।

### नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता भएका सामूहिक व्यवस्थापन सङ्गठन (CMOs)

- क. सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल (MRCSN)
- ख. सङ्गीत तथा चलचित्र उत्पादक समाज नेपाल (MFPSN)
- ग. प्रस्तोता समाज नेपाल (PSN)

## अनलाईन प्रणाली मार्फत रचना दर्ता

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको मुख्य कार्यको रूपमा रहेको रचना दर्ता प्रक्रियामा सहभागी हुन इच्छुक सर्जकहरूले स्थापना काल देखि नै कार्यालयमा नै आएर तोकिए बमोजिमको आवेदन फर्म भरी सहिछाप गरेर आफ्नो सृजना दर्ता गराउँदै आउनु भएको थियो । यस कार्यालयको आ.व. २०७८।७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रचना दर्ता व्यवस्थापन प्रणाली तयार गरी सञ्चालनमा ल्याइएको छ । विद्युतीय माध्यमबाट System.nepalcopyright.gov.np मार्फत स्वयं निवेदकले नै मोवाईल नं. र इमेल एकाउन्ट प्रयोग गरी प्रयोगकर्ता खाता सृजना गरी प्रतिलिपि अधिकार दर्ताका लागि अनलाइन रजिष्ट्रेशन गर्न मिल्ने गरी प्रणाली विकास गरिएको छ । रचना दर्तासँग सम्बन्धित श्रष्टा तथा सर्जकहरूले कार्यालयमा नै पुगेर आफ्नो सिर्जना दर्ता गर्ने गराउने गर्दै आएको सन्दर्भमा उक्त कार्यलाई सरल, सहज र समयानुकूल एवं प्रविधि मैत्री बनाउने उद्देश्यले हाल अनलाइन पद्धति अपनाइएको हो । यस कार्यबाट नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रदान गर्ने सेवा छिटो, छरितो र प्रविधिमैत्री भई नेपाल सरकारले परिकल्पना गरेको नयाँ सार्वजनिक सेवाको अवधारणा अनुरूप शासन प्रणालीमा थप टेवा पुगेको छ ।

### अनलाईन माध्यमबाट रचना दर्ता गर्ने तरिका:

nepalcopyright.gov.np को Online Apply मा क्लिक गरी तल उल्लेख गरे बमोजिम गर्ने

**व्यक्तिगत दर्ताका लागि आवश्यक कागजातहरु -**

१ पासपोर्ट साईजको फोटो Scan Copy- JPG/JPEG Format

२ नागरिकताको प्रमाणपत्रको अगाडि भाग

३ नागरिकताको प्रमाणपत्रको पछाडि भाग

४. हस्ताक्षर

५. प्रतिलिपि अधिकारको लागि दर्ता गरिने फाईल

६. आवश्यकताअनुसार सपोर्टीङ फाईल

<u>संस्थागत दर्ताका लागि-</u>

१ संस्था दर्ता प्रमाणपत्र

२ कर चुक्ता प्रमाणपत्र

३ कम्पनीको आधिकारिक छाप – scan

४. प्रतिलिपि अधिकारको लागि दर्ता गरिने फाईल

५. आवश्यकताअनुसार संपोर्टीङ फाईल

**<u>Web or App को कपिराइट दर्ताका लागि</u>**

- <u>सफ्टवेयर</u>/एपको हकमा यसको Version no. & Version Date, कपिराइट संरक्षण हुनुपर्ने भागको coding सहित को PDF file, व्यक्ति/ कम्पनीको निवेदन सहित अपलोड गर्नुपर्नेछ ।

<u>अन्य रचना दर्ताः</u>

- संयुक्त रूपमा रचना गरी सामुहिक प्रतिलिपि अधिकार दर्ताका लागि निवेदन गर्ने भए अन्य सबै रचनाकारको नागरिकता प्रमाणपत्रको Scan file सहित रचनामा उनीहरूको भूमिका समेत खुलाउने ।
- कम्पनी/संस्था वा तेश्रो पक्ष(अन्य व्यक्ति) ले कपिराइटका लागि निवेदन गरेमा रचनाकार/निर्माता/Developer बाट कपिराइटका लागि संस्था/कम्पनीलाई दिएको सहमति पत्र समेत पेस गर्नु पर्नेछ ।

*<u>राजस्व भुक्तानीको प्रकृयाः</u>*

- revenue.fcgo.gov.np को साइटमा Log in गरी वा "नयाँ प्रयोगकर्ता" बनेर सङ्घीय कार्यालय अन्तर्गत काठमाडौं जिल्ला छनौट गरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय (कोड ३२५०४३५०१) छानेर राजस्व शीर्षक (१४२२९- अन्य प्रशासनिक सेवा शुल्क) मा रचनाको नाम र रचयिताको नाम उल्लेख गरी e-sewa, Connect ips, khalti मध्ये कुनै बाट प्रत्येक रचनाको लागि रु. १००/- तिरेको वा राष्ट्रिय वाणिज्य बैंकमा सोही व्यहोराको भौचर तयार गरी अपलोड गर्ने ।
- तोकिएको रचनाको pdf/ ध्वनिअङ्कन वा भिडियोको प्रति अपलोड गर्ने <१००MB रचनामा आफ्नो भूमिका (लेखन, गायन, सङ्गीत, अभिनय/निर्माण/उत्पादन आदि ) उल्लेख गर्ने
- थप प्रमाण पुष्टयाईको कागजात भए सोको समेत Supporting files अन्तर्गत Submit गर्ने

- रचनाको सृजनामा निवेदक बाहेक अन्य पक्षको संलग्नता भए निजहरूको समेत सहमति पत्र अनिवार्य छ ।

नोटः संलग्न गरिएको कपिराइट फाइलको Cover Page मा रचनाकारको परिचय खुलाउनुपर्ने छ । रचनामा साहित्यिक नाम राखेका रचनाकारले आफ्नो नाम सम्बन्धमा स्व-घोषणा समेत पेस गर्नुपर्नेछ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा हालसम्म दर्ता भएको रचनाको विवरण:

| सि.नं | विधा | आ.व. २०८१/८२ सम्म दर्ता भएका जम्मा रचना | आ.व. २०८२/८३ मा दर्ता भएका जम्मा रचना | आ.व. २०८२/८३ सम्म दर्ता भएका कुल रचना |
|---|---|---|---|---|
| १ | साहित्य लेखन, लेख, पटकथा, किताब, गीतका शब्द | २२३५ | २६७ | २५०२ |
| २ | म्यागजिन प्रकाशन | ४ | ० | ४ |
| ३ | अनुवाद रचना | ५ | ० | ५ |
| ४ | आर्ट पेन्टिङ | १७१ | १४ | १८५ |
| ५ | ध्वनिअङ्कन | २८१ | ५१ | ३३२ |
| ६ | आर्किटेक्ट नमुना | ४७ | ० | ४७ |
| ७ | काष्ठकला, धातुकला, मूर्तिकला, Artistic Work (डिजिटल आर्ट) | ९४ | ४० | १३४ |
| ८ | कम्प्युटर सफ्टवेयर | ७६ | १० | ८६ |
| ९ | प्रस्तुति रचना, श्रव्य दृश्य रचना, म्यूजिक भिडियो, टिभी श्रृङखला | १३ | ६ | १९ |
| १० | फोटोग्राफी | ५० | १ | ५१ |
| ११ | शोधपत्र | १४ | ३ | १७ |
| १२ | चलचित्र / वृत्तचित्र | १४ | १ | १५ |
| १३ | वैज्ञानिक रचना | १८ | ० | १८ |
| १४ | नाटक, नाट्य सङ्गीत, मूक चित्र | १२ | ० | १२ |
| | कुल जम्मा | ३०३४ | ३९३ | ३४२७ |

सम्पर्कको लागि फोन नं. ०१-४५३९३०५ वा इमेल info@nepalcopyright.gov.np